# अमरगढी नगरपालिका डडेल्धुरा

## २१ औं नगर परिषद् पुस्तिका

२०७३ पौष २१ गते

**निर्णय नं. १:-** अमरगढी नगरपालिकाको २१ औं नगर परिषद् बैठकमा अमरगढी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री मेख बहादुर संग्रातीज्यूबाट प्रस्तुत देहाय बमोजिमको चालु आ.व. २०७३/७४ को संशोधित बजेट तथा कार्यक्रम र आगामी आ.व. २०७४/७५ को बजेट, नीति तथा कार्यक्रम पारित गरियो ।

**चालु आ.व. २०७३/७४ को संशोधित बजेट तथा कार्यक्रम र आगामी आ.व. २०७४/७५ को बजेट, नीति तथा कार्यक्रम**

प्रमुख अतिथि ज्यू ,

जिल्ला स्थित विभिन्न राजनितीक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू, स्थानीय विकास अधिकारी जयू, जिल्ला स्थित सम्पूर्ण कार्यालयका प्रमुख तथा प्रतिनिधी ज्यूहरु विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु, पुर्व नगर प्रमुखज्यू,उप प्रमुखज्यू, नागरिक समाजका अध्यक्षज्यू, पूर्व सर्वदलीय संयन्त्रका पदाधिकारीज्यूहरु, महिला दिदी बहिनीहरु, संचारकर्मी मित्रहरु र आदरणीय उपस्थित प्राज्ञ, समाजसेवी, वुद्धिजिवि, लगायत सम्पूर्ण नगरवासी अतिथि महानुभावहरु,

सर्वप्रथम, कार्य ब्यस्ततालाई थाती राखी अमरगढी नगरपालिकाको २१ औं नगर परिषद्मा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएकोमा प्रमुख अतिथि ज्यू, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

हाम्रो आथित्यलाई स्वीकार गरी नगरपालिकाको २१ औं नगर परिषद् उद्घाटन गरि दिनु भएकोमा प्रमुख अतिथि ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**उपस्थित महानुभावहरु,**

संघिय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढगर्दै लोकतान्त्रिक मुल्य मान्यतामामा आधारित स्थानीय स्वायत्त शासनको माध्यमद्धारा जनताको जीवनस्तरमा सुधार ल्याउनु,प्रजातान्त्रिक मुल्य र मान्यता बमोजिम जनताका चाहना, आकांक्षा एवं आवश्यकतालाई सम्बोधन गर्दै र विकेन्द्रीकरणको मर्म अनुरुप स्थानीय तहलाई अझ सुदृढ गर्दै जनताका आकांक्षाहरुको न्यायोचित संबोधन गर्नु आजको आवश्यकता मात्रै होईन नेपालको संविधान २०७२ को कार्यान्वयन वा सहयोग गर्नु पनि हो । लामो समयदेखि स्थानीय निकायको निर्वाचन हुन नसकि देशले विविध प्रकारका अप्ठ्याराहरुको सामना गरीरहनुपरेको वर्तमान अवस्थामा राजनैतिक दलका प्रतिनिधिहरु रहनु र तीनै प्रतिनिधिहरुको राय, सल्लाह, सुझाव, समन्वय र सहयोगमा जनताका वास्तविक आकांक्षाको संवोधन भईरहेको वर्तमान अवस्था छ ।

नेपालको संविधान २०७२ जारी भई संविधान कार्यान्वयन सरकारको प्राथमिकतामा रहेको अवस्थामा स्थानीय निकाय/तह पनि यसबाट अछुतो रहन सक्दैन । विगत लामो समयदेखी स्थानीय निकाय जनप्रतिनिधी विहिन रहेको अवस्थामा जनताको विकास प्रतिको चाहाना कुण्ठीत हुन नदिन कर्मचारीहरुको प्रयास निरन्तर छ । एकातिर राज्यको स्रोत साधनको सिमितता छ र अर्कोतिर दिन प्रति दिन जनताका आवश्यकता र चाहानाहरु वढ्दो छन । जनताका यी चाहानाहरुलाई उपलब्ध स्रोत साधनले परिपुर्ति गर्न नसकिने अवस्थामा राज्य प्रति

कार्यकारी अधिकृत

नागरिकको कर्तव्यको स्थान पनि महत्वपुर्ण हुन जान्छ । राज्यले यस नगर पालिकालाई Smart City बनाउने अवधारण ल्याईरहँदा हाम्रो वजेटले उक्त अवधारणलाई सहयोग पुऱ्याउने आशा पनि उत्तिकै छ ।

नेपालको संविधान २०७२ ले स्थानीय तहको परिकल्पना गरीसकेको अवस्थामा स्थानीय निकाय/तहमा निर्वाचित जनप्रतिनिधीहरु नभएसम्म राजनितिक दलहरु तथा स्थानीय निकाय विज्ञको राय, सल्लाह र सहमतिमा यस नगरपालिकाको आवश्यक निति, कार्यक्रम तथा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको कार्यलाई थप प्रभावकारी बनाउँदै लैजान नगरपालिका प्रयत्नशिल रहेको छ । विभिन्न योजना, नीति तथा कार्यक्रमहरुको छनौट देखि कार्यान्वयन, अनुगमन मूल्यांकनका हरेक चरणहरुमा बढी भन्दा बढी सबै वर्ग र क्षेत्रको प्रतिनिधित्व हुने गरी सर्वदलीय/सर्वपक्षीय माध्यमबाट सहभागितात्मक पद्धतिको सिद्धान्तलाई यस नगरपालिकाले पूर्णरुपमा अवलम्वन गर्दै आएको जग जाहेर नै छ । वस्ती/वडा तहबाट छनौट भएका योजनालाई नै प्राथमिकता दिदै योजना छनौट, सञ्चालन, अनुगमन तथा उपभोग गर्ने जस्ता जिम्मेवारी जनताका हुन भन्ने सन्देश दिनु आजको आवश्यकता भएको छ । स्थानीय निकायको कार्य प्रकृति र देशको विद्यमान संक्रमणकालीन अवस्थाको सन्दर्भमा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, संचारकर्मी एवं नगरबासीज्यूहरुको राय, सल्लाह, सुझाव र सहयोग जरुरी रहेको छ ।

### गत आर्थिक वर्ष २०७२/७३ र चालु आ.व. २०७३/७४ को आय ब्ययको समीक्षा

उपस्थित महानुभावहरु, आ.व. २०७२/७३ मा कुल खर्च रु. ७,६४,२८,३७३।- हुने अनुमान गरिएकोमा यथार्थ खर्च रु. ७,५१,१२,३६९।- हुन गएको छ । जस मध्ये चालु खर्च रु. १,८२,९१,२४३।- र पुँजिगत खर्च रु. ५,६८,२१,१२६।- भएको छ ।

यसैगरी चालु आ.व. २०७३/७४ मा अनुमानित आय रु. १२,४४,९६,५२९।- गरिएकोमा आन्तरिक स्रोततर्फ रु. १,२०,७५,५२९।- र बाह्य स्रोततर्फ रु. ११,२४,२१,०००।- अनुमान गरिएको छ । जस अनुसार चालु खर्चतर्फ रु. ४,७०,४०,०००।- छ भने पुँजिगत खर्चतर्फ रु. ७,७४,५६,५२९।- खर्च हुने अनुमान गरिएको छ ।

### नगरपालिकाका समस्या तथा चुनौतीहरु

अमरगढी नगरपालिकालाई व्यवस्थित शहरीकरण गर्नु आजको प्रमुख आवश्यकता र चुनौती हो । बसपार्क, ल्याण्डफिल साईड, खानेपानी, ढल निकास आदिको सुधार, निर्माण तथा बिस्तार गरी शहरलाई अझै बढी ब्यबस्थित, सुरक्षित, वातावरण मैत्री र सुन्दर बनाउनु चुनौतीको रुपमा रहेको छ । त्यस्तै बालमैत्री शासन, जनचेतना, संस्थागत क्षमता विकास नहुनु, महिला बालबालिकाको जीवन स्तरमा आंशातित सुधार हुन नसक्नु, नगरपालिकाको अन्य दिगो आम्दानी स्रोत नहुनु, ग्रामिण सडक स्तरोन्नती तथा कालोपत्रे हुन नसक्नु,सम्वन्धीत सवैलाई करका दायरामा ल्याउन नसक्नु समस्या र चुनौतीको रुपमा रहेका छन ।

२.३ नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरु तथा अन्य सार्वजनिक सम्पत्तिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२.४ व्यवसाय कर, बहाल कर तथा करका अन्य श्रोतहरुको लगत अद्यावधिक गर्दै लगिनेछ ।

२.५ आन्तरिक राजश्व अभिवृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत विभिन्न संघसंस्थाहरु संग सहकार्य गरीनेछ ।

२.६ पेश्की तथा बेरुजुहरु फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा सन्चालन गरी असुल उपर गर्नुपर्ने रकमलाई कडाईका साथ असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

### (३) वातावरण, स्वास्थ्य र सरसफाई नीति :

३.१. वातावरण, सरसफाई र विपद् जोखिम व्यवस्थापनमा सुधार गरी स्वस्थ र सुरक्षित नगरको विकासमा जोड दिईनेछ ।

३.२. स्थानीय निकायहरुको चुनौतीको रुपमा रहेको फोहरमैला संकलन तथा व्यवस्थापनमा टोल विकास संस्था, निजी क्षेत्र एवं सामाजिक संघ संस्थाहरुको साझेदारीमा प्रभावकारी कार्यक्रम तय गरिनेछ । साथै वातावरण मैत्री स्थानीय शासनका आधारभूत तथा विकसित सूचक पुरा गरी वातावरण सुधारमा प्रभावकारीता ल्याइनेछ । दीर्घकालीन फोहर व्यवस्थापनको लागि ल्याण्डफिल साईट ( Sainitary Landfill site ) को अभाव खड्किएको अवस्थामा यसको निर्माण तथा व्यवस्थापनमा जोड दिईनेछ ।

३.३. स्वच्छ तथा स्वस्थ खानेपानी वितरणलाई प्रभाबकारी बनाउन समन्वयकारी भुमिका खेल्नेछ ।

३.४. निरन्तर रुपमा मानवीय क्रियाकलापवाट जलवायू परिवर्तन हुदां पर्ने प्रभाव न्यूनिकरणका लागि वातावरण संरक्षणको लागि वातावरण कोष निर्माण गरी वृक्षरोपण, सवै खाले प्रदुषण नियन्त्रण एवं ध्बतभचच्भअजवचनभ को कार्यक्रम सहित प्रत्येक घरमा करेसावारीको कार्यक्रम प्रवर्द्धन गरी तरकारीमा आत्म निर्भर नगर वनाउने नीति अवलम्वन गरिनेछ ।

### (४) पर्यटन नीति :

४.१. नगरपालिका, सरकारी तथा गैरसरकारी निकाय, उद्योग वाणिज्य संघ, होटल व्यवसायी, पर्यटन व्यवसायी, नागरिक समाज र संचार माध्यम संग समन्वय र सहकार्य गरी अमरगढी क्षेत्रमा पर्यटन प्रवर्द्धन तथा विकास गरिनेछ ।

४.२. पर्यटकीय स्थल उग्रतारा, घटाल मन्दिर क्षेत्र, अमरगढी पार्क र सहिद भिम दत्त स्मृति प्रतिस्ठान पार्क आदिको स्तरोन्नती गर्दै समग्र पर्यटन विकासलाई निरन्तरता दिईनेछ ।

४.३.नगरको सुन्दरतालाई कायम राखी हरियाली वृद्धि गर्न साझेदारीमा वृक्षारोपण तथा संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

### (५) सामाजिक तथा समावेशी विकास नीति :

५.१. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक संघ संस्था तथा स्थल लगायत सांस्कृतिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईने ।

५.२. महिला आदिवासी जनजाती दलित, अपाङ्ग/अशक्तहरु, पिछडा वर्गलाई विशेष प्राथमिकता दिई लक्षित वर्गको क्षमता विकास तथा आय आर्जन वढाउने कार्यक्रमहरु गरिनेछ ।

५.३. नगरपालिकाको खेलकुद प्रबर्द्धन तथा विकासका लागि केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरीय खेलकुदमा नगरबासीको सहभागिताका लागि उच्च प्राथमिकता दिनुका साथै नगरस्तरीय खेलकुद विकासका लागि विशेष पहल गरिनेछ ।

५.४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वृत्ति वितरण कार्यलाई अझै प्रभावकारी बनाइनेछ ।

५.५. नगरको विकासमा गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा विषयगत कार्यालयसंग समन्वय गरी साझेदारी गर्दै नगरको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

५.६. सामाजिक परिचालनको माध्यमबाट गरिदैं आएका विभिन्न कार्यहरुलाई निरन्तरता दिइनेछ ।

५.७. बालमैत्री स्थानीय शासनको आधारभूत तथा विकसित सूचक पुरा गर्ने गरी समाज परिवर्तनका बाहक बालबालिकाको क्षमता विकासको कार्यलाई उच्च प्राथमिकतामा राखी अनाथ, अपांग बालबालिकाको लगत संकलन र बालश्रम न्यूनिकरणको कार्यक्रम संचालन गरिनेछ ।

**(६) सुशासन प्रवर्द्धन एवं संगठन विकास नीति :**

६.१. नगरपालिकाबाट दिइने सेवा सुविधालाई अझ बढि प्रभावकारी वनाउनका लागि सुशासन सम्बन्धी कार्यहरुलाई प्रभावकारी वनाउदै लगिनेछ । साथै नगरपालिकाको काम कारवाहीलाई अझै व्यवस्थित र चुस्त दुरुस्त वनाउन विनियम, निर्देशिका, कार्यविधि, आचारसंहिता बनाई लागु गरिनेछ ।

६.२. नगरपालिकाको सांगठनिक संरचनामा सुधार तथा प्रशासनिक दक्षता अभिवृद्धि गरी सेवाग्राहीलाई प्रदान गरिने सेवा सुविधामा थप प्रभावकारिता ल्याउन व्यवस्था मिलाईनेछ ।

६.३. पाँच वर्षे बिजनेस प्लान तयार गरी कार्यकारी अधिकृतले हरेक कर्मचारी संग व्यक्तिगत तथा शाखागत रुपमा अलग/अलग सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरिनेछ ।

६.४. सर्वसाधरणको सूचनाको हकलाई सम्मान गर्दै सञ्चार क्षेत्रको विकास र प्रवर्द्धनका लागि सो क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरुको सल्लाह र सुझावकै आधारमा कार्यक्रमलाई बढि प्रभावकारी बनाउदै संचारकर्मीहरुको सीप र क्षमता बिकासमा जोड दिईने छ ।

६.५. नगरपालिकाको निर्णय एवं कार्यलाई पारदर्शी तुल्याउन नगरपालिकाको वेव साईट, स्थानीय पत्र पत्रिका एवं रेडियो तथा अन्य प्रकाशन सामाग्रीहरु मार्फत संप्रेषण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ साथै नागरिक वडापत्रलाई समयानुकुल परिमार्जन गरिनेछ ।

६.६. विशेष कार्ययोजना वनाई नगरपालिकालाई भ्रष्टाचारमा शुन्य सहनशिल नगरपालिका बनाईनेछ ।

६.७. नगरको सम्पूर्ण वास्तविक वृत्तचित्र झल्कने नगर प्रोफाइल तयार गर्न विषेश पहल गरिनेछ ।

६.८. संचालित योजनाहरुको नियमित अनुगमन एवं सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याई समयमै कार्य सम्पन्न गरी त्यस्ता योजनाहरुको जाँचपास एवं फरफारक गरी सम्बन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**(७) विविध :**

७.१.सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसाथ गरी विकासका कार्यहरु अगाडी बढाईनेछ ।

७.२.यस क्षेत्रको उद्योग, व्यापार र पर्यटन क्षेत्रको विकास तथा विस्तारमा आवश्यक नीति तर्जुमा गरी अगाडी बढाईनेछ ।

**यी उद्देश्य, नीति तथा कार्यक्रमहरुबाट पूर्वाधार विकास, आर्थिक विकास र सामाजिक सशक्तिकरणमा टेवा पुग्ने विश्वास गरिएको छ ।**

**उपस्थित महानुभावहरु,**

यी उद्देश्य, नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि आगामी आ.व.२०७४/७५ का लागि कुल आय रु. १३,५०,७७,०००।- अनुमान गरिएको छ । जस मध्ये आन्तरिक स्रोततर्फ रु. १,१३,६०,०००।- र बाह्य तर्फ रु. १२,३७,१७,०००।- अनुमान गरिएको छ, भने खर्च तर्फ चालु खर्च रु. ५,०४,७०,०००।- र पूँजिगत तर्फ रु.७४६,०७,०००।- विनियोजित गरिएको छ ।

**उपस्थित महानुभावहरु,**

यस नगरपालिकाका बिभिन्न सडकहरुको विकास निर्माण एवं मर्मत लागि बजेट बाँडफाँड गरिएको छ । नगरपालिकाको आयस्रोत वृद्धिका लागि Supping complex को निर्माणका लागि समेत बजेट छुट्याइएको छ । यस नगर तथा जिल्ला कै महत्वपूर्ण सार्वजनिक निर्माण कार्य सम्बन्धि आयोजनाहरु छनौट गरी जिल्लास्तरीय एवं केन्द्रीय आयोजनामा समावेश गर्न विभिन्न निकायमा सिफारिश गरिएको छ । आयोजनाहरुलाई अझै व्यवस्थित गर्न नगरपालिकाको आवधिक योजना कार्यान्वयनमा सम्बन्धित सबैसंग समन्वय र सहकार्य गरी उद्देश्य र लक्ष्यमा पुग्ने प्रयास गरिएको छ । नगरक्षेत्रको सम्पूर्ण विकासमा महत्वपुर्ण योगदानपुग्ने अपेक्षा गरिएको यस नगरपरिषद्को योजना तर्जुमा गर्ने क्रममा महत्वपूर्ण मार्ग निर्देशन गर्नुहुने राजनैतिक दलका प्रतिनिधि/पदाधिकारीज्यू बास्तबीक आबश्यकतालाई छनौट गरि योजनामा पठाउनु हुने सम्पूर्ण नगरवासीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी बजेट तर्जुमामा सहयोग गर्ने मेरा सहयोगी कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

**उपस्थित महानुभावहरु,**

नगरवासीको बढ्दो आकांक्षा र आवश्यकतालाई परिपूर्ति गर्न यो बजेट पर्याप्त नभएता पनि बजेट तथा कार्यक्रमलाई यथासम्भव जनमुखी, समावेशी, परीणाममुखी बनाई अधिकतम जनतालाई समेट्ने प्रयास गरिएको छ । साधन स्रोतको सिमितता नगरवासीका कतिपय जल्दाबल्दा मागहरुलाई समेट्न नसकिएकोमा दुःख व्यक्त गर्न चाहान्छु ।

प्रस्तुत बजेटको सफल कार्यान्वयनले स्थानीय सुशासनको विकास एवं स्थानीय सेवा प्रवाहमा सुधार भै दिगो र गुणस्तरीय आर्थिक,सामाजिक,तथा पूर्वाधार विकास र जनताको जीवनस्तरमा सुधार आउने अपेक्षा राख्दै उक्तबजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, गैर सरकारी संघ संस्था तथा सम्पुर्ण नगरवासीहरुबाट पर्याप्त सहयोग प्राप्त हुनेछ भन्ने आशा समेत राखेको छु ।

कार्यकारी अधिकृत

**निर्णय नं. २** : गत आ.व. २०७२/७३ को यथार्थ आय व्यय, चालू आ.व. २०७३/७४ को मंसिर मसान्त सम्मको यथार्थ आय व्यय, चालू आ.व.को संशोधित आय व्यय को अनुमान तथा आगामी आ.व. २०७४/७५ को अनुमानित आय व्ययको देहाय बमोजिमको विवरण पारित गर्ने निर्णय गरियो ।

| अमरगढी नगरपालिका कार्यालय | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आम्दानि विवरण(२०७३।७४) | | | | | | | |
| आय शिर्षक | विवरण | २०७२।७३ को अनुमान | ७२।७३आषाढ यथार्त | २०७३।७४ को अनुमान | २०७३।७४ को मंसिर सम्मको | २०७३।७४ को संसोधित अनुमान | २०७४।७५ को अनुमान |
| | क.आन्तुरिक श्रोत | | | | | | |
| १.१.३ | घर बहालकर | ५०००० | ७५७५४।३ | ६०००० | ५९५८ | ९०००० | १००० |
| १.१.५ | ब्यवसाय कर | १०००००० | ९७००५९।५ | १३००००० | ४०७९५८ | १३००००० | १५००० |
| १.१.७ | एकिकृत सम्पति कर | २२००००० | १६४४१७९।७ | २६००००० | ८४०३०१ | १८००००० | २२००० |
| १.२.१ | सवारी पार्किङ | ६५०००० | ६६६७२५ | ७००००० | | ७००००० | ७००० |
| १.३.२ | नक्सा पास | ५००००० | ४४०६९४।१८ | ७००००० | २५६७६६ | ६००००० | ७००० |
| १.३.३ | सिफारिस तथा बक्सौनि | ८००००० | ५४४९०९।५३ | १०००००० | २६०४६९ | ८००००० | ९००० |
| १.३.४ | रजिष्ट्रेसन शुल्क | ३५००००० | २७१२९२९।६ | ४१००००० | १२००००० | ३५००००० | ४०००० |
| १.३.५ | नाता प्रमाणित | २५००० | २२६५५ | ४०००० | ७७०० | ५०००० | ६०० |
| १.७.२ | गत वर्षको मौज्दात | २८२३३७२।७ | २८२३३७२।७ | ० | २२३५५२९ | २२३५५२९।४३ | |
| १.७.६ | अन्य आय | ८००००० | ८८९२९६ | १०००००० | २४४८४० | १०००००० | १२००० |
| | जम्मा | १२३४८३७३ | १०७९०५७६ | ११५००००० | ५४५९५२१ | १२०७५५२९।४ | ११३६०० |
| | ख.वाह्य श्रोत | | | | | | |
| | | | | | | | |
| २.१.१.२ | स्थानीय.शासन तथा सा.बि.कार्यक्रम | ४५६७००० | ४४६९२३० | ५०००००० | ८१०००० | ४१६६००० | ५०००० |
| २.१.१.३ | सडक बोर्ड नेपाल | ३०००००० | ४४५०००० | ३०००००० | | २७००००० | २७००० |
| २.१.१.२ | निसर्त प्र.अनुदान | ६११८००० | ६११८००० | ६५००००० | ४०७८००० | ६११८००० | ६७३०० |
| २.१.१.२ | निसर्त पुजिगत अनुदान | १०१३५००० | १५६३५००० | ११०००००० | १३४००००० | ४०४०२००० | ४४४४२ |
| २.१.१.२ | ससर्त पुजिगत अनुदान,भवन | | | | | ८०००००० | १०००० |
| २.१.१.२ | स्था.वि.शूल्क कोष | ४७१०००० | ४७१०००० | ५०००००० | | | |
| ८.१.१ | जनसहभागीता | | ३७७०३२३।६ | २६००००० | | २६००००० | ३०००० |
| ५.१.१.२ | जगेडाकोष,स्थानीय पूर्वाधार | २०७००००० | २२३८०००० | २०००००००० | | १४७३५००० | १६१४५ |
| ३.४ | सा.सू अनूदान, | १४५००००० | ४६६११६०० | १५०००००० | ११४८२२०० | ३३०००००० | ३५००० |
| ५.१.१.१ | नगर स्वस्थ्य कार्यक्रम | ३५०००० | ६१०१०० | ७००००० | | ७००००० | ७०० |
| ५.१ | शान्ति,समिति र शहरी | ० | २६००० | ० | | ० | |
| | जम्मा | ६४०८०००० | ६६८३०२५४ | ६८८००००० | २९७७०२०० | ११२४२१००० | १२३७१७ |
| | कूल जम्मा | ७६४२८३७३ | ७७६२०८२९ | ८०३००००० | ३५२२९७२१ | १२४४९६५२९ | १३५०७७ |

# अमरगढी नगरपालिका कार्यालय

खर्चको विवरण(२०७३।७४)

क. चालुखर्च

| खर्च शिर्षक | विवरण | २०७२।७३ को अनुमान | ७२।७३ को ~~यथार्त~~ यथार्थ | २०७३।७४ को अनुमान | २०७३।७४ को मंसिर सम्मको | २०७३।७४ को संसोधित अनूमान | २०७४।७५ को अनूमान |
|---|---|---|---|---|---|---|---|
| | १.उपभोग खर्च | | | | | | |
| १.०१.१ | तलव (कर्मचारी) | ७०००००० | ६९३५३१९ | ७२००००० | २३०३९८७ | ७४००००० | ८१५०००० |
| १.०१.३ | कर्मचारी कल्याण कोष | ७००००० | ७००००० | ७००००० | ० | १०००००० | १०००००० |
| १.०२.१ | भत्ता कर्मचारी | १३००००० | १६१०८४८ | १३००००० | ४१२३७० | १३००००० | १४००००० |
| १.०२.३ | वैठक भत्ता | १५०००० | २३३२३० | १५०००० | १७२५०० | २५०००० | २५०००० |
| १.०३ | सरुवा दै.भ्र.भ. | ३०००० | ० | ४०००० | ४८०० | २०००० | ४०००० |
| १.०४ | पोशाक | २००००० | १८७५०० | २००००० | ० | २००००० | २००००० |
| १.०८ | तालिम कार्यक्रम | ४०००० | ० | ४०००० | ० | ० | ४०००० |
| | जम्मा | ९४२०००० | ९६६६८९७ | ९६३०००० | २८९३६५७ | १०१७०००० | ११०८०००० |
| | २.कार्यालय सञ्चालन र सेवा | | | | | | |
| २.०१ | पानि तथा विजूली महशूल | ५०००० | ४८८१६ | ६०००० | २६६१३ | ६०००० | ७०००० |
| २.०२ | सञ्चार महशूल | ६०००० | ६७१०७ | ७०००० | २११३२ | ७०००० | १००००० |
| २.०३ | कार्यालय संञ्चालन खर्च | १०००००० | ११४८७३३ | १०००००० | ५०७१८४ | १०४०००० | ११००००० |
| २.०४ | भाडा | ७५००० | ७९५३२ | ७५००० | १८००० | ७५००० | १००००० |
| २.०५ | मर्मत तथा सम्भार | ७००००० | ४९०१०६ | ८००००० | २०२९२७ | ७००००० | ८००००० |
| २.०६.१ | इन्धन सवारी | ६००००० | ३८४९०६ | ७००००० | २६५४३४ | ६००००० | ७००००० |
| २.०६.३ | इन्धन अन्य | २५००० | १३२६५ | ३०००० | | ३०००० | ४०००० |
| २.०८.१ | सदस्यता शूल्क | ३५००० | ० | ३५००० | | ३५००० | ४०००० |
| २.०८.२ | आर्थिक सहायता | ५०००० | २७१६१ | ५०००० | २१७०० | ५०००० | ५०००० |
| २.०८.४ | नगरपरिषद् सञ्चालन | ८०००० | १३५०८५ | १००००० | ० | १५०००० | १५०००० |
| २.०८.५ | विविध खर्च | २५०००० | २६०१८४ | २७५००० | २०७४९८ | ३५०००० | ३५०००० |
| | जम्मा | २९२५००० | २६५४८९५ | ३१९५००० | १२७०४८८ | ३१६०००० | ३५००००० |
| | ३.अनूदान | | | | | | |
| ३.०३ | सामाजिक संस्था अनुदान | २५००० | १७००० | ४०००० | ३००० | १०००० | ४०००० |
| ३.०४ | सामाजिक सूरक्षा अनुदान | १४५००००० | ४६६१६०० | १५०००००० | १०२१५२०० | ३३०००००० | ३५०००००० |
| | जम्मा | १४५२५००० | ४६७८६०० | १५०४०००० | १०२१८२०० | ३३०१०००० | ३५०४०००० |
| | ४.सेवा खर्च | | | | | | |
| ४.०५.२ | कार्यक्रम भ्रमण खर्च | ६००००० | ७८४५४७ | ७००००० | २६४९४० | ६००००० | ७००००० |
| ४.०७ | फोहोर मैला ब्यवस्थापन | ५००००० | ५०६३०४ | ५००००० | ३६२४१ | १००००० | १५०००० |
| | जम्मा | ११००००० | १२९०८५१ | १२००००० | ३०११८१ | ७००००० | ८५०००० |
| | चालू खर्च जम्मा | २७९७०००० | १८२९१२४३ | २९०६५००० | १४६८३५२६ | ४७०४०००० | ५०४७०००० |
| | ख.पुजिगत खर्च | | | | | | |
| | सवरी साधन | | | २५००००० | | | |
| ६.०३ | मेशिनरी औ.तथा उपकरण | २५०००० | २४०५३२ | ४५०००० | २०४५३ | २५०००० | ५००००० |
| ६.०४ | नगर स्वास्थ्य कार्यक्रम | ५००००० | ७८०६२४ | ७००००० | ५३५२१४ | ११९१००० | १४००००० |
| ६.०५.१ | सार्वजनिक निर्माण सुधार | ४२९११३७३ | ५१०२१३५१ | ४२१८५००० | १४१४९०१३ | ७०००९५२९१४ | ७५४०७००० |
| ६.०५.२ | दैबी प्रकोप ब्यवस्थापन | | | ५०००० | ० | ५०००० | ५०००० |
| ६.०६ | फर्निचर खरिद | १५०००० | २२९६९८ | २५०००० | १५९९९ | १००००० | ३००००० |
| ६.०७ | कार्यक्रम LGCDP | ४५६७००० | ४४७७९२१ | ५०००००० | १३३४००० | ४१६६००० | ५०००००० |
| ८.०३ | सामाजिक संस्था अनुदान | ८०००० | ७१००० | १००००० | ५५५२५ | ६०००० | १००००० |
| | फोहर मैला बयवस्थापन | | | | ९०३४६० | १६००००० | १८००००० |
| | अन्य (खर्च फिर्ता) | | | | ३०००० | ३०००० | ५०००० |
| | जम्मा | ४८४५८३७३ | ५६८२११२६ | ५१२३५००० | १७०४३६६४ | ७७४५६५२९१४ | ८४६०७००० |
| | कूल जम्मा | ७६४२८३७३ | ७५११२३६९ | ८०३००००० | ३१७२७१९० | १२४४९६५२९ | १३५०७७००० |

## आ.व.०७४/७५ का लागि छनौट भएका आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु |
|---|---|---|---|
| | **ठुला पुर्वाधार तर्फ (१,००,००,०००)** | | |
| १ | चिम्निकोट-घटालस्थान सडक कालोपत्रे | अमरगढी २ र ३ | ५०,००,०००।- |
| २ | चालिसमोड, मौरडा, दगलाखेत कुण र जुंगिना, कुस्माली, मडुवा सडक स्तरोन्नती | अमरगढी २ | ५०,००,०००।- |
| | **नगर पुर्वाधार आयोजनाहरु (३,२२,९०,०००)** | | |
| १ | डकले-सल्लाधारी चक्रपथ कालोपत्रे | | १,२२,९०,०००।- |
| २ | सपिङ्ग कम्प्लेक्श निर्माण | | १,००,००,०००।- |
| ३ | टुडीखेल-आईत सडक कालोपत्रे | | ५०,००,०००।- |
| ४ | वागचौर-खुल्लेक-बकण्डे सडक कालोपत्रे | | ५०,००,०००।- |
| | **सडक बोर्ड तर्फका आयोजनाहरु (३८,५८,०००)** | | |
| १ | आईत,नोगेनीथान-दुदेङला सडक | वडा नं. ५ | ५,००,०००।- |
| २ | उप क्षेत्रिय अस्पताल-टुडीखेल-वागवजार | वडा नं. ४,५ | ५,००,०००।- |
| ३ | भजनपुर-छचोडा सडक | वडा नं. ६ | ५,००,०००।- |
| ४ | वजने-पालवस्तिहुँदै असिग्रम भुमिराज मन्दिर सडक | वडा नं. ९ | ५,००,०००।- |
| ५ | राई सडक | वडा नं. १० | ५,००,०००।- |
| ६ | व्यारेक- भेटा , वण्ड हुँदै अ.न.पा. राईमोड सडक | वडा नं. १ | ५,००,०००।- |
| ७ | स्याउले-दियालगाँउ- खाली मालम सडक | वडा नं. १ | ८,५८,०००।- |
| | नगरस्तरिय आयोजनाहरु | | |
| १ | सहश्रलिङ्ग मन्दिर प्रवेशद्धार निर्माण | वडा नं. १ | २,५०,०००।- |
| २ | रावलतोली क्षेत्र गुफा संरक्षण तथा मर्मत, संभार | वडा नं. ७ | २,००,०००।- |
| ३ | डकले ह्युम पाईपदेखी मगराउ जाने सडक | वडा नं. ८ | १,५०,०००।- |
| ४ | पुर्णागिरी मन्दिर सतसंग भवन निर्माण | वडा ५ | १,००,०००।- |
| ५ | बार एशोसियशन भवन निर्माण | | १,००,०००।- |
| ६ | न.पा. कार्यालय सडक मर्मत | | २,००,०००।- |
| ७ | अणेश्वरी,भुमिरा,वरम मन्दिर मर्मत | वडा नं. ५ | १,५०,०००।- |
| ८ | भैरव मन्दिर(बुजाकोटी) यज्ञशाला निर्माण | वडा नं. ९ | १,००,०००।- |
| ९ | खुल्लेक , ९ नं. वडा कायालयहुँदै ढकाउली सडक | वडा नं. ८ | २,००,०००।- |
| १० | वागवजार मालम सडक | वडा नं. १ | २,००,०००।- |
| | | | १६,५०,०००।- |

कार्यकारी अधिकृत

## ऐन,नियम,कार्यविधी र निर्देशिका वमोजिमको कार्यक्रम तथा आयोजनाहरु

| सि.नं. | आयोजना एवं कार्यक्रम | स्थान | रकम |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन कोष | | १,५०,०००।- |
| २ | मर्मत संभार कोष | | ३,००,०००।- |
| ३ | समपुरक कोष -विभिन्न आयोजनाहरुमा) | | २,००,००,०००।- |
| ४ | वातावरण व्यवस्थापन कोष | | १,००,०००।- |
| ५ | पुर्ण सरसफाई अभियान | | १,००,०००।- |
| ६ | क्षमता विकास कार्यक्रम | | ३,००,०००।- |
| ७ | करदाता शिक्षा कार्यक्रम | | ५०,०००।- |
| ८ | मसानघाट व्यवस्थापन (शैलेश्वर) | वडा नं. ७ | १,००,०००।- |
| ९ | खेलकुद तथा सांस्कृतिक कार्यक्रम | | १,२५,०००।- |
| १० | पशुवधशाला व्यवस्थापन | वडा नं.५ | २५,०००।- |
| ११ | सार्वजनिक सुनवाई, सामाजिक परिक्षण र समिक्षा गोष्ठि | | १,००,०००।- |
| १२ | भैपरि खर्च (कुल आनतरिक आयको १% ले हुन आउने) | | ६०,०००।- |
| १३ | संभाव्यता अध्ययन, प्रारम्भीक वातावरणिय परिक्षण र प्रभाव मुल्याङ्कन | | ३,५०,०००।- |
| कुल जम्मा रु | | | २,१७,६०,०००।- |

### योजना व्यवस्थापन सेवा (कन्टिन्जेन्सी) रु ३,००,०००।- (३ प्रतिशत)

| सि.नं. | आयोजना एवं कार्यक्रम | स्थान | रकम |
|---|---|---|---|
| १ | आयोजना सुपरिवेक्षण तथा अनुगमन | | ५०,०००।- |
| २ | सर्भे, ड्रईङ्ग, डिजायन | | ५०,०००।- |
| ३ | उपभोक्ता समितिका पदाधिकारी तालिम | | १,००,०००।- |
| ४ | कार्यालय व्यवस्थापन | | ५०,०००।- |
| ५ | योजना व्यवस्थापनका लागि उपकरण खरिद | | ५०,०००।- |
| जम्मा रु | | | ३,००,०००।- |

कार्यकारी अधिकृत

## महिला तर्फ : १०,६७,०००।००

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | महिला क्षमता विकास कार्यक्रम | | २७५०००।०० | |
| २ | स्वयंमसेविका अक्षय कोष | | १२५०००।०० | |
| ३ | महिला सेफ हाउस संचालन/ व्यवस्थापन | | ७५०००।०० | |
| ४ | पोषण कार्यक्रम | | ५००००।०० | |
| ५ | सिलाई, काटाई तालिम अ.पा. २ र ३ | | १०००००।०० | |
| ६ | कृर्षि सम्बन्धि तथा बिउबिजन खरी अ.पा. १० र ११ | | १०००००।०० | |
| ७ | नगरस्वास्थ्य केन्द्र संचालन र औषधी खरिद | | १५००००।०० | |
| ८ | एकल महिला सम्मान तथा औषधी उपचार | | ५००००।०० | |
| ९ | गोठ सुधार कार्यक्रम | | ५००००।०० | |
| १० | महिला सिलाई, कटाई तालिम | | ९२०००।०० | |
| | | जम्मा रकम रु | १०६७०००।०० | |

## दलित, आदिबासी, जनजाती, अपाङ्ग, जेष्ठ र पिछडाबर्ग कार्यक्रम तर्फ : १६,००,५००।००

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अपाङ्गका लागि सहायक सामग्री र आयआर्जन कार्यक्रम | | १५००००।०० | |
| २ | एच.आई.भी. संक्रमितका लागि | | ५००००।०० | |
| ३ | कालिकास्थान मन्दिर पर्खाल निर्माण | | ७५०००।०० | |
| ४ | रजोडा जोलाघट्ट खा.पा. निर्माण दलित बस्ती | | १०००००।०० | |
| ५ | घोडेवान मन्दिर अ.न.पा. ३ दलित बस्ती | | ५००००।०० | |
| ६ | दलित बस्ती बुडाली सडक निर्माण | | १०००००।०० | |
| ७ | दुर्गास्थान दलित मन्दिर मर्मत | | ५००००।०० | |
| ८ | आरनघर निर्माण फिन्नेकोट, लिट्टीगउं | | ५००००।०० | |
| ९ | पासा देवता मन्दिर निर्माण कारीगाउ दलित बस्ती | | ५००००।०० | |
| १० | नौलो मर्मत बोकुटी भ्वा दलित बस्ती अ.न.पा. १० | | २५०००।०० | |
| ११ | बकण्डे रातीखाली सम्म घोरेटो बाटो निर्माण दलित | | ५००००।०० | |
| १२ | ढांटगाउ पार्कीटोल खा.पा. निर्माण | | १०००००।०० | |
| १३ | लाटा देवता भडारघर निर्माण अ.न.पा. २ सार्की टोल | | ५००००।०० | |
| १४ | भैरव मन्दिर घेरबार किल्ला अगाडी | | २५०००।०० | |
| १५ | जनजाती सडक निर्माण चिम्रीकोट | | १०००००।०० | |
| १६ | सोल्परी दलितटोल नौला निर्माण | | २५०००।०० | |
| १७ | दलित यूवा स्वरोजगार तालिम | | ५००००।०० | |
| १८ | जनजातीका लागि कुखुरा, कगुंर, बाखा पालन तालिम | | १०००००।०० | |
| १९ | कुखुरा पालन कार्यक्रम सचेतना केन्द्रका लागि | | १०००००।०० | |
| २० | जेष्ठनागरिक उपचार/सम्मान कार्यक्रम | | १०००००।०० | |
| २१ | सिलाई मसिन खरी | | १५००००।०० | |
| २२ | सार्किटोल मन्दिर मर्मत अ.न.पा. ९ पनौली | | ५०५००।०० | |
| | | जम्मा रकम रु | १६००५००।०० | |

## वालवालिका तर्फ : १०,६७,०००।००

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वालवालिका क्षमता विकास र वाल क्लब गठन | डडेल्धुरा | १५००००।०० | |
| २ | वावालकि कोष | डडेल्धुरा | ५००००।०० | |
| | | जम्मा रकम रु. | २०००००।०० | |
| | बिधालय स्तरीय वालमैत्री सामाग्री खरिद | | | |
| १ | भुमिराज प्रा.बि. | ढुनढुने | २५०००।०० | |
| २ | कैलपाल प्रा.बि. भर्ता | भर्ता | २५०००।०० | |
| ३ | बैजनाथ मा.बि. | मौरडा | ७५०००।०० | |
| ४ | जेनसेवा प्रा.बि. | डाडकोट | २००००।०० | |
| ५ | निलकष्ठ नि.मा.बि. | लरडा | २००००।०० | |
| ६ | सिद्धनाथ नि.मा.बि. चिरकिट्टे | चिरकिट्टे | ३००००।०० | |
| ७ | बैजनाथ नि.मा.बि. | भलिया | ३००००।०० | |
| ८ | असिगांम प्रा.बि. | सुनेडा | २००००।०० | |
| ९ | भृकुटी नमुना प्रा.बि. | खलंगा | ३००००।०० | |
| १० | वालमञ्दिर | खलंगा | २५०००।०० | |
| ११ | असिग्राम प्रा.बि. | सेलागां | २५०००।०० | |
| १२ | पूर्णागिरी प्रा.बि. | जिलोडा | २५०००।०० | |
| १३ | शम्भुनाथ नि.मा.बि. | छचोडा | ५००००।०० | |
| १४ | कैलाश प्रा.बि. | भालुमारे | २००००।०० | |
| १५ | बालविकास केन्द्र | खसेखान | ३००००।०० | |
| १६ | शैलेश्वर प्रा.बि. | तिलाडी | ३००००।०० | |
| १७ | भागेश्वर उ.मा.बि. | टांटर | १०००००।०० | |
| १८ | भुमिराज प्रा.बि. | बागचौर | ७५०००।०० | |
| १९ | महेश्वरी प्रा.बि. | निदालगाउं | ५००००।०० | |
| २० | आदर्श प्रा.बि. | लटसेरा | ५००००।०० | |
| २१ | सहश्रलिङ्ग उ.मा.बि. | राई | ४००००।०० | |
| २२ | बाल उधान निर्माण | वार्ड नं. ११ | ७२०००।०० | |
| | | जम्मा रकम रु. | ८६७०००।०० | |
| | | [illegible] | १०६७०००।०० | |

| | योजनाहरु आ.ब.२०७४।७५ | | |
|---|---|---|---|
| सि.न. | योजना को नाम र ठेगाना | वार्ड न. | रकम रु |
| १ | भुमिराज मन्दिर निर्माण मालम तमौली टोल। | अ.न.पा.१ | ५०,०००। |
| २ | ढाटखोला सिचाई निलपाल टोल भेटा। | | ७५,०००। |
| ३ | दुदकाणे मौरडा सडक निर्माण बैजनाथ टोल। | ,, | ५०,०००। |
| ४ | बण्ड खा.पा. मर्मत जोगेनी माता टोल। | ,, | ५०,०००। |
| ५ | दगलाखेत देखी सरसल्ला हुदैं तडीवटा सडक निर्माण भवानी टोल। | ,, | ५०,०००। |
| ६ | मौरडा दमाई टोल देखी बिद्यालय सम्म सडक निर्माण घटाल टोल। | ,, | १,००,०००। |
| ७ | झर्ता देखि डोला सम्म सडक सडक निर्माण सरस्वती टोल। | ,, | ५०,०००। |
| ८ | धनढुंगा देखि मनना सडक भुमिराज टोल। | ,, | ५०,०००। |
| ९ | तडिवटा आर.सि.सि. स्ल्याब निर्माण खडेली टोल। | ,, | १,००,०००। |
| १० | भैसीखर्क,डागगोडा सडक | | ५०००० |
| ११ | ठूल्खोला दुद्खण्ड खा.पा. मर्मत। | ,, | २५,०००। |
| | जम्मा रु | | रु ६,५०,०००। |
| सि.न. | योजना को नाम र ठेगाना। | वार्ड न. | रकम रु |
| १ | ठूल्खोला,आईत, जोशिना खा.पा. निर्माण। | २ | १,००,०००। |
| २ | कांडे खा.पा. गजरे, आईत जोहीना। | ,, | १,००,०००। |
| ३ | ढिपला खल्लेमुडा खा.पा.। | ,, | ७५,०००। |
| ४ | मौरडा, कुस्माली खा.पा मर्मत। | ,, | ७५,०००। |
| ५ | सोल्परी खा.पा. पाईप खरिद। | ,, | १,००,०००। |
| ६ | त्रिपुरा सुन्दरी आधारभुत खा.पा. मर्मत। | ,, | ७५,०००। |
| ७ | मतरगाउं जुगिना खा.पा. मर्मत। | ,, | ७५,०००। |
| | जम्मा रु | ,, | रु ६,००,०००। |
| सि.न. | योजना को नाम र ठेगाना | वार्ड न. | रकम रु |
| १ | मड,मल्लो,तल्लो पथरोडा, रजोडा सडक निर्माण। | अ.न.पा.३ | २,००,०००। |
| २ | बिसा भगवती घेरबार (चम्साल, मल्लो तल्लो पथरोडा)। | ,, | ५०,०००। |
| ३ | रेडक्रस भवन मर्मत (घटाल उ.मा.बि. नजिक)। | ,, | ७५,०००। |
| ४ | गुर्जलेक पुल तल्ली पिड। | ,, | १,००,०००। |
| ५ | निलकण्ठ मन्दिर निर्माण लरठा। | ,, | ५०,०००। |
| ६ | काठै पुल निर्माण जोरेकांणा। | ,, | १,००,०००। |
| ७ | डुडेश्वर मन्दिर निर्माण तल्लो पथरोडा। | ,, | ५०,०००। |
| | जम्मा रु | ,, | रु ६,२५,०००। |

कार्यकारी अधिकृत

| सि.न. | योजना को नाम र ठेगाना | वार्ड न.४ | रकम रु |
|---|---|---|---|
| १ | धनकाट खा.पा. निर्माण । | | ५०,०००। |
| २ | सार्बजनिक शौचालय घेरबार निर्माण अशिग्राम परिसर भित्र । | " | ५०,०००। |
| ३ | ठूल्नौला बाटो निर्माण । | " | ५०,०००। |
| ४ | कनखेता मन्दिर देखि अजैमेरुको बटो निर्माण । | " | ५०,०००। |
| ५ | चुनारा टोल नाउलो निर्माण भलिया । | " | २५,०००। |
| ६ | शिब मन्दिर पर्खाल निर्माण । | " | ५०,०००। |
| ७ | आईत,जोगेनी थान, हरडी अशिग्राम थान सडक निर्माण । | " | १,५०,०००। |
| ८ | आईत, दुदेंला, बैजनाथ नि.मा.बि सडक निर्माण । | " | १,५०,०००। |
| ९ | ठूलखोला तल्लो मजेल्वटा सिचाई निर्माण सुनेडा । | " | ७५,०००। |
| | जम्मा रु | | रु ६,५०,०००। |

वार्ड नं. ५

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | क्यमब्रिज स्कुल देखि किल्ला सम्म बाटो निर्माण | अ.न.पा. ५ | ७५०००।०० | |
| २ | ठुलखोला देखि असिग्राम मन्दिर सम्म सडक स्तरोन्नती | अ.न.पा. ५, सेलागाडं | २०००००।०० | |
| ३ | लेकमालको सार्बजनिक भण्डार घर निर्माण | जिलोडा | ५००००।०० | |
| ४ | किर्तिपुर पूर्णागिरी मल्लो न्यौला पानी निर्माण | अ.न.पा. ५, जिलोडा | ७५०००।०० | |
| ५ | उग्रतारा मन्दिरको सार्बजनिक भण्डारगृह निर्माण | अ.न.पा. ५, तल्लो जिलोडा | ५००००।०० | |
| ६ | घटाल स्थानदेखि झुर्कालीगाउं सम्मको सडक मर्मत | अ.न.पा. ५, झुर्काली | ७५०००।०० | |
| ७ | अ.न.पा. ५ सिलिङधारा नयां प्रबिधि सिचाई तथा खा.पा. योजना निर्माण। | अ.न.पा. ५ सिलिङधारा | ५००००।०० | |
| ८ | रानीधारा नाली मर्मत | अ.न.पा. ५ | ५००००।०० | |
| | जम्मा : | | ६२५०००।०० | |

वार्ड नं. ६

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कालापत्थर देखी भालुमारे सम्म पक्की बाटो निर्माण | अ.न.पा. ६ | ७५,००० | |
| २ | छचोडा पिपल चौतारा देखी मल्लोगाउं दलीत बस्ती हुदै गाड सम्म पक्की बाटो निर्माण | अ.न.पा. ६ | ७५,००० | |
| ५ | समैजी मन्दिर बजाडी खा.पा. निर्माण (दलीत तर्फ) | अ.न.पा. ६ | १००००० | |
| ७ | डोला निलौटा कालीमाटी कुलकट्टे गडीगाउं खा.पा. निर्माण | अ.न.पा. ६ अधुरो | १००००० | |
| ३ | मल्लाबन गोरेटो बाटो निर्माण | अ.न.पा. ६ | ५०००० | |
| ५ | समैजी मन्दिर निर्माण दुमडा डोला | अ.न.पा. ६ | ५०००० | |
| १० | छचोडा देखि कोडकाडें सम्म सडक निर्माण | अ.न.पा. ६ | १५०००० | |
| १७ | दुमडा न्वालो मर्मत दुमडा | अ.न.पा. ६ | ५०००० | |
| ६ | जम्मा : | | ६५०००० | |

वार्ड नं. ७

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नानीभटगाउं लेकी समैजी सडक निर्माण | अ.न.पा. ७ | १००००० | |
| २ | खिरामुनि मन्दिर मर्म तथा फिल्ड कटिङ र वाल निर्माण | अ.न.पा. ७ | ५०००० | |
| ३ | श्री उग्रतारा उ.मा.बि. पोखरा फर्निचर मर्मत | अ.न.पा. ७ | ५०००० | |
| ४ | सिमार नानी भटगाउं मन्नागाउं खा.पा. निर्माण | अ.न.पा. ७ | १००००० | |
| ५ | श्री उग्रतारा उपस्वास्थ्य चौकी पोखरा उपकरण खरीद | अ.न.पा. ७ | ५०००० | |
| ६ | बिसुना खा.पा. सिचाई निर्माण कैनीटोल | अ.न.पा. ७ | ५०००० | |
| ७ | प्रहरी चौकी पोखरा फर्निचर खरिद | अ.न.पा. ७ | १०००० | |
| ८ | खजुण्डा खा.पा. न्वालो निर्माण | अ.न.पा. ७ | ४०००० | |
| ९ | पोखरा तिलाडी जोशिगाउं शैलेश्वर कृर्षि सडक निर्माण | अ.न.पा. ७ | ५०००० | |
| १० | रातागौन सिरोला सडक निर्माण | अ.न.पा. ७ | १००००० | |
| ११ | भटगाउं सडक निर्माण | अ.न.पा. ७ | ५०००० | |
| | जम्मा : | | ६५०००० | |

वार्ड नं. ८

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खनमडा टाटर सडक बाटो निर्माण | अ.न.पा. ८ | १७५००० | |
| २ | टांटर खुल्लेक हुदै बकण्डे सडक निर्माण | अ.न.पा. ८ | १७५००० | |
| ३ | टांटर झडीगाउं सडक निर्माण | अ.न.पा. ८ | ५०००० | |
| ४ | नेपाल रेडक्रस सोसाईटी किर्तिपुर उपशाखाको भवन | अ.न.पा. ८ | १००००० | |
| ५ | भक्कुपानी देखि बगरबाटा सम्म गोरेटो बाटो निर्माण | अ.न.पा. ८ | ५०००० | |
| ६ | बागचौर सडक हुदै बिरभत्ता सम्म सडक निर्माण | अ.न.पा. ८ | ५०००० | |
| ७ | गैरालगाउ सा.भवन | अ.न.पा. ८ | ५०,००० | |

| | जम्मा : | | ६५०००० | |
|---|---|---|---|---|

वार्ड नं. ९

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बकण्डे वडा नं. ९ को कार्यालय हुदै ढकाउली सम्म सडक | अ.न.पा. ९ | १००००० | |
| २ | रोखलगाउ सडक निर्माण | अ.न.पा. ९ | १००००० | |
| ३ | भुमिराज स्वस्थ्य चौकीको खा.पा. निर्माण | अ.न.पा. ९ | ५०००० | |
| ४ | तुडे ढांटगाउ खा.पा. निर्माण | अ.न.पा. ९ | ५०००० | |
| ५ | भुकालगाउ सहश्रलिङ मन्दिर को पर्खाल निर्माण | अ.न.पा. ९ | ५०००० | |
| ६ | हर्तक दलित टोल खा.पा. निर्माण | अ.न.पा. ९ | ५०००० | |
| ७ | पनौली सेला खा.पा. निर्माण | अ.न.पा. ९ | ५०००० | |
| ८ | लडसेरा सिम पोखरी मर्मत | अ.न.पा. ९ | ५०००० | |
| ९ | असिग्राम भुमिरमज मन्दिर निर्माण | अ.न.पा. ९ | १५०००० | |
| | जम्मा : | | ६५०००० | |

वार्ड नं. १०

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बोरागाउं सिचाई पोखरी तथा खा.पा. मर्मत | अ.न.पा. १० | ५०००० | |
| २ | मल्लो बुडाली सामुदायिक भवन निर्माण | अ.न.पा. १० | ५०००० | |
| ३ | खा.पा. निर्माण ( भडार रावल टोल) क्रमागत | अ.न.पा. १० | १००००० | |
| ४ | स्वास्थ्य चौकी बर्थिङसेन्टर को सामाग्री खरीद | अ.न.पा. १० | ५०००० | |
| ५ | सैपाल देवता मन्दिर निर्माण | अ.न.पा. १० | ५०००० | |
| ६ | भण्डारीगाउं खा.पा. मर्मत | अ.न.पा. १० | ५०००० | |
| ३ | श्री सहश्रलिङ्ग उ.मा.बि.को २ कोठे भवन मर्मत | अ.न.पा. १० | १००००० | |
| ६ | राई बजार देखि राईगाउं सम्म बाटो मर्मत | अ.न.पा. १० | ५०००० | |
| २० | बिजोडा गाउ देखि साल्लाभाडी सम्म बाटो मर्मत | अ.न.पा. १० | १००००० | |
| ६ | कैलपाल देवताको मन्दिर निर्माण भडार साउद टोल | अ.न.पा. १० | ५०००० | |
| | जम्मा : | | ६५०००० | |

| सि.न. | योजना को नाम र ठेगाना | वार्ड नं. | रकम रु |
|---|---|---|---|
| १ | अशिग्राम नि.मा.बि. लिट्रिगाउं घेरबार निर्माण । | अ.न.पा.११ | १,००,०००। |
| २ | सरस्वती नि.मा.बि. घेरबार निर्माण फिन्नेकोट । | ,, | १,००,०००। |
| ३ | खा.पा.ढल निकास, बाडी पहिरो नियन्त्रण बरडा,रुपालिगाउं,ढाटगाउं । | ,, | १,००,०००। |
| ४ | शान्तिनगर देखि सल्लाघारी सम्म बाटो निर्माण पालिगाउं । | ,, | ७५,०००। |
| ५ | न्वालो मर्मत साडागुड लिट्रिगाउं । | ,, | ५०,०००। |
| ६ | लिफ्ट सिचाई मर्मत फिन्नेकोट । | ,, | ५०,०००। |
| ७ | बदेसिम खा.पा. निर्माण लिट्रिगाउ । | ,, | ५०,०००। |
| ८ | अशिग्राम मन्दिर हुदै बिद्यालय जाने बाटो निर्माण सल्लाघारी । | ,, | ७५,०००। |
| ९ | खा.पा. न्वालो मर्मत बडखोला फिन्नेकोट । | ,, | ५०,०००। |
| | जम्मा रु | | रु ६,५०,०००। |

**निर्णय नं. ३: नगरस्तरीय राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आए बमोजिम बिभिन्न करव दररेटहरु र सिफारिश दस्तुरहरु न्यून रहेकाले तपसिल बमोजिमका करका दररेटहरु र सिफारिश दस्तुरह परिमार्जन गरी आ.व.२०७४।७५ देखि लागू गर्ने निर्णय गरियो, उल्लेख नभएका राजश्व र करका दररेटहरु ग बिगतका नगर परिषद्बाट पारित भए बमोजिम यथावत राख्ने निर्णय गरियो ।**

| क.सं. | व्यवसायको किसिम | स्था.स्वा.नि.२०५६ बमोजिम | | आ.व.०७२/७३ का लागि स्वीकृत दररेट रु. | आ.व.०७३/७४ का लागि प्रस्तावित दररेट रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतम रु. | अधिकतम रु. | | | |
| १ | ▪ क्यासेट,रिकर्डरतथा प्लेर,भिडियो ,क्यासेट भाडामा दिने<br>▪ डिस एन्टीना राखी केबुल लाईन प्रसारण व्यवसायीलाई | | | १०००।-<br>३०००।- | १२५०।-<br>३५००।- | |
| २ | ▪ निर्माण सामग्री तथा हार्डवेयर (ठूलो पसल)<br>▪ ,, ,, ,, (सानो पसल) | ५००।- | ५,०००।- | ३०००।-<br>१५००।- | ३०००।-<br>१५००।- | |
| ३. | ▪ दैनिक उपभोग र सुती कपडाको थोक तथा खुद्रा बिक्रेता<br>▪ खुद्रा बिक्रेता (ठूलो पसल)<br>▪ खुद्रा बिक्रेता सानो पसल | | | २५००।-<br>१५००।- | २५००।-<br>१५००।- | |
| ४. | ▪ श्रृंगारका साथै अन्य समानको (ठूलो पसल)<br>▪ ,, ,, ,, ( सानो पसल)<br>▪ ,, ,, ,, ( मध्यम ) | ३६०।- | १०००।- | १०००।-<br>६००।-<br>४००।- | १०००।-<br>६००।-<br>४००।- | |
| ५. | ▪ अनुसुची १० को दफा १९ बमोजिम कपडा पसल(ठूलो)<br>▪ ,, ,, ,, मध्यम<br>▪ ,, ,, ,, ,, (सानो)<br>▪ रेडिमेड कपडा ,श्रृंगार,इलेक्ट्रोनिक सामान साथै अन्य फेन्सी सामानको ठूलो पसल<br>▪ सानो पसल | | | २०००।-<br>१०००।-<br>५००।-<br>२५००।-<br>८००।- | २०००।-<br>१०००।-<br>५००।-<br>३०००।-<br>१०००।- | |
| ६ | गहना मर्मत पसल, ठूलो ,<br>,, मझौला<br>,, ,, , सानो | | | १५००।-<br>१०००।-<br>८००।- | २०००।-<br>१२००।-<br>८००।- | |
| ७ | नेपाल आयल निगमको डिलर | ५००।- | ५०००।- | २५००।- | ३०००।- | |
| ८ | प्लाष्टिकका सामान भाडा वर्तन थोक<br>,, ,, ,, खुद्रा | | | १०००।-<br>८००।- | १२५०।-<br>१०००।- | |
| ९ | विस्कुट,चक्लेट,नमकीन,वनस्पति ध्यु,चिनी चाउचाउ विक्रेता ठूलो<br>,, मध्यम<br>,, सानो | ३६०।- | १०००।- | ८०० ।-<br>६००।-<br>४००।- | ८०० ।-<br>६००।-<br>४००।- | |
| १० | जुत्ता ,चप्पलका साथै अन्य सामान बेच्ने<br>ठूलो<br>मझौला<br>सानो | | | १०००।-<br>८००।-<br>६००।- | १२५०।-<br>८००।-<br>६००।- | |
| ११ | स्वदेशी घरेलु कपडा उद्योग | ३६०। | १०००।- | ७००।- | ७००।- | |
| १२ | उन,चिया,सलाई,पिठो,मैदा,सुजी,चामल,गहुँ,विक्रेता | ३६०।- | १०००।- | ७००।- | ७००।- | |
| १३ | विभिन्न निर्माण सामग्री सप्लायर्स (क,<br>(ख)<br>(ग)<br>(घ) | | | १५००।-<br>१२००।-<br>१०००।-<br>८००।- | २०००।-<br>१५००।-<br>१२००।-<br>१०००।- | |
| १४ | फोटोग्राफी | ३६०।- | १५००।- | १,०००।- | १,०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कलरल्याव<br>फोटो खिच्ने र रिल संकलन गर्ने ठुलो पसल<br>,, ,, ,, ,, सानो पसल | | | ८००/-<br>६००/- | १२००/-<br>६००/- | |
| १५. | संचार सेवा निजी क्षेत्रका<br>टेलिफोन LOCAL,STD<br>टेलिफोन STD तथा ISDSTD,ISD तथा FAX<br>फोटोकपी कुरीयर सेवा चिठी पत्र<br>छपाई तथा प्रकाशन<br>लाउड,स्पीकर भाडमा दिने | | | ८००/-<br>६००/-<br>४००।<br>४००/- | ८००/-<br>६००/-<br>४००/-<br>४००/- | |
| १६ | व्युटी पार्लर ,केश श्रृंगार हजाम (नाई) | ३६०/- | १,५००/- | १२००/- | १५००/- | |
| १७ | सुचिकार टेलरिङ्ग ठूलो<br>सानो | | | १२००/-<br>६०० | १५००/-<br>८००/- | |
| १८ | लुगा धुनेलाई (ड्राईक्लिनर्स) | | | १०००/- | १२००/- | |
| १९ | मर्मत सम्भार सेवा<br>मोटरसाइकिल मर्मत सेवा पसल<br>गाडीका टायर लगायत सामान्य ममर्मत | ३६०/- | ३०००/- | १०००/- | १०००/- | |
| २० | वितिय सेवा<br>विमा एजेन्ट (स्थानीय)<br>,, ,, (वाहीरी) | | | १०००/-<br>१२००/- | १०००/-<br>१२००/- | |
| २१ | स्वास्थ्य सेवा औषधी पसल<br>,, ,, ,, सानो<br>दन्त चिकित्सक | | | १०००/-<br>१०००/-<br>५००/- | १२००/-<br>१०००/-<br>५००/- | |
| २२ | सेवा उद्योग<br>परामर्श सेवा<br>चलचित्र व्यवसाय<br>विभिन्न किसिमका यातायात व्यवसायी<br>वस,ट्रक,जिप | | | ६००/-<br>६००/-<br>१०००/-<br>६००/- | ६००/-<br>६००/-<br>१०००/-<br>६००/- | |
| २३ | अन्य सेवा<br>विज्ञापन सेवा सवै किसिमका | ३६०/- | १५००/- | १०००/- | १०००/- | |
| २४ | पशु वद्यशाला .<br>खसी,वोका माछा पसल<br>साग,तरकारी फलपुल पसल<br>सानो | १०००/- | ३०००/- | १०००/-<br>८००/-<br>६००/-<br>४००/- | १२००/-<br>१०००/-<br>८००/-<br>६००/- | |
| २५ | विद्युतिय सामान<br>विजुलीका सामान मात्र विक्रि गर्ने ठुलो<br>,, ,, ,, ,, सानो<br>,, ,, ,, ,, मध्यम | ५००/- | ५०००/- | १०००/-<br>८००/-<br>६००/- | १५००/-<br>१०००/-<br>८००/- | |
| २६ | पान पसल | | | ५००/- | ५००/- | |
| २७ | जुत्ता वनाउने पसल<br>स्थानीय पसल खोली वनाउने वा मर्मत गर्ने | | | ४००/- | ४००/- | |
| २८ | अन्य सेवा<br>टेन्ट हाउस,कुर्सी र जेनेटर भएकोलाई<br>रुई धुलाई का साथै सिरक गद्धावालालाई<br>विभिन्न पुरानो मालसामान संकलन गर्ने | | | १०००/-<br>२५००/-<br>१५००/- | १०००/-<br>२५००/-<br>१५००/- | |
| २९ | विशेषज्ञ परामर्श तथा व्यावसायिक सेवा<br>चिकित्सक (डाक्टर)<br>कानुन व्यवसायी(वकील)<br>लेखा परिक्षक( एडीटर) | ३६०/- | ३०००/- | ५००/-<br>५००/-<br>१०००/- | ५००/-<br>५००/-<br>१०००/- | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | न.पा.मा प्रधान कार्यालय भएको निर्माण व्यवसायिक श्रेणीको निर्माण व्यवसाय<br>ख ,, ,, ,,<br>ग ,, ,, ,,<br>घ ,, ,, ,, | | | २५००।-<br>१५००।-<br>८००।-<br>६००।- | २५००।-<br>१५००-<br>८००।-<br>६००।- | |
| ३१ | खनीज उद्योग<br>विभिन्न मालसामान उत्पादन गर्ने<br>पाउरोटी,पिसाई,पेलाई मिल ठुलो<br>,, ,, ,, ,, सानो | ३६०।- | ५०००।- | ८००।-<br>६००।- | ८००।-<br>६००।- | |
| ३२ | शिक्षा सेवा निजी क्षेत्रका (वोर्डिङ)<br>स्थापना र तह वृद्धि सिफारिश दस्तुर<br>▪ प्रा.वि. स्तरका विद्यालय व्यवसाय कर<br>▪ नि.मा.वि. ,, ,, ,, ,,<br>▪ मा.वि. ,, ,, ,, ,,<br>▪ उच्च मा.वि. र क्याम्पस ,, ,,<br>▪ निजी क्षेत्रका ट्रेनिङ ईन्स्टीचयुट ,, | | | १५००।-<br>१०००।-<br>१२००।-<br>१२००।-<br>१२००।-<br>१०००।- | १५००।-<br>१०००।-<br>१२००।-<br>१२००।-<br>१२००।-<br>१०००।- | |
| ३३. | शिक्षण गराउने संस्था<br>भाषा,कम्प्युटर,टाइपराईटर, टाइपिङ्ग प्रशिक्षण गराउने<br>सव.ओसी,अमीन,सि.एम.ए.आयुर्वेद आदि<br>एन.जि.ओ.,आइ.एन.जि.ओ. | १०००।- | ३०००।- | १०००।-<br>२५००।-<br>१०००।-<br>२५००।- | १०००।-<br>२५००।-<br>१०००।-<br>२५००।- | |
| ३४ | अन्य<br>सिलाई कटाई तालिम | ३६०।- | १०००।- | ६००।- | ६००।- | |
| ३५ | चस्मा वनाउने वा विक्रि गर्ने<br>कुखुरा पालन व्यवसाय | | | ६००।-<br>८००।- | ८००।-<br>८००।- | |
